मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)
नुम, संखुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८२/०८३
Ref. No.:
चलानी नं: 2082/083
Dispatch No.: 9865

विषय:- तालिममा सहभागी हुन निवेदन आह्वान सम्बन्धी सार्वजनिक सूचना ।

सूचना प्रकाशित मितिः २०८३/०२/०७

यस मकालु गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "**सीप विकास कार्यक्रम**" मार्फत स्थानीय बासिन्दाहरूलाई व्यवसायिक वनाइ आर्थिक आय आर्जन मार्फत स्वावलम्मी वनाउने उद्देश्यले **वडा नं. ५** का बासिन्दाहरूका लागि **व्यवसायिक कुखुरा पालन तालिम** सञ्चालन गर्न लागिएको हुँदा इच्छुक व्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा निवेदन पेस गर्नुहुन सूचित गरिन्छ ।

**१. तालिमको विवरणः**

- तालिमको नामः **व्यवसायिक कुखुरा पालन** तालिम ।
- तालिमको अवधिः ७ कार्य दिन (प्रयोगात्मक अभ्यास सहित) ।
- छनौट गरिने सहभागी संख्याः १५ जना (मकालु गाउँपालिका वडा नं. ५ का स्थायी बासिन्दाहरू मात्र) ।

**२. सहभागीका लागि आवश्यक न्यूनतम योग्यताः**

- नेपाली नागरिक र मकालु गाउँपालिका **वडा नं. ५ को स्थायी बासिन्दा** हुनुपर्ने ।
- साधारण लेखपढ गर्न जान्ने (कम्तीमा कक्षा ८ उत्तीर्णलाई प्राथमिकता दिइने) ।
- तालिममा सहभागी हुनका लागि शारीरिक र मानसिक तवरले स्वस्थ र तन्दुरुस्त हुनुपर्ने ।
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

**३. निवेदन साथ पेस गर्नुपर्ने कागजातहरूः**

- रीतपूर्वक भरिएको निवेदन फाराम (गाउँपालिका/वडा कार्यालयमा उपलब्ध) ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
- सम्बन्धित वडा कार्यालयको स्थायी बसोबास खुल्ने सिफारिस पत्र ।

**४. आवेदन दिने अन्तिम मिति र स्थानः**

- मितिः २०८२/०२/१३ (सूचना प्रकाशित भएको सातौं दिनको कार्यालय समयभित्र) ।
- स्थानः मकालु गाउँपालिकाको कार्यालय (योजना शाखा/रोजगार सेवा केन्द्र) वा वडा नं. ४ को वडा कार्यालय ।

**५. छनौट प्रक्रियाः**

- सम्वन्धित वडा कार्यालयको सिफारिस अनुसार ।

नोटः रीत नपुगी वा म्याद नाघि आएका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन ।तालिम संग सम्वन्धित अन्य सवै विषयवस्तुको निर्णय यस कार्यालयमा निहित रहने छ ।

थप जानकारीका लागि गाउँपालिकाको कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।सम्पर्क मोवाइल नः९८५११६०४७९,९८४३५९५०१४

२०८३/०२/०७

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत